सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १०८♦ २०८० साल पुस २३ गते सोमवार ♦ 8 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## बरहथवा घटनामा सहमति : गोली चलाउने प्रहरीलाई कारबाही, मृतकका एक नातेदारलाई रोजगारी

**खबर दर्पण समाचारदाता**

**पुस २२ गते, सर्लाही**

यही शुक्रबार भएको विरोध प्रदर्शनका क्रममा हिंसात्मक झडप हुँदा एकजनाको ज्यान गएको सर्लाहीको बरहथवामा सहमति भएको छ।

आइतबार जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वपक्षी बैठकले बहरथावामा जारी प्रदर्शन अन्त्य गर्ने दिशाामा सहमति जुटाएको हो।

जिल्ला सुरक्षा समिति सर्लाहीका प्रमुख एवम् प्रमुख जिल्ला अधिकारी कोमल प्रसाद धमलासहित घटनाका पीडित पक्षहरु, मधेश प्रदेश सरकार का अर्थमन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्री, बरहथवा नगर पालिकाका प्रमुख, दलका प्रतिनिधि र सरोकावाला व्यक्तिहरूको उपस्थितिमा उक्त



सहमति भएको हो।

शुक्रबार बरहथवा नगर पालिकामा प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्नेबारे भएको विरोध प्रदर्शनपछि सृजित समस्या समाधान गर्नेबारे बसेको बैठकले उक्त सहमति जुटाएको हो।

बैठकले विभिन्न ११ बुँदे सहमति जुटाएको हो। जसअनुसार प्रहरीको गोलीबाट मारिएका बरहथवा नगरपालिका वडा नं. ६ का युवा व्यवसायी जयशंकर साहको सम्झनामा प्रादेशिक अस्पताल बरहथवाको नामाकरण गरिने भएको छ।

त्यसैगरि मृतक साहका आश्रित परिवारका १ जना सदस्यलाई बरहथवा नगरपालिकाले रोजगारी उपलब्ध गराउने भएको छ। उता यो गोलीकाण्डमा दोषी प्रहरी कर्मचारीलाई छानबिन गरी कारबाहीको प्रक्रिया अगाडि बढाउने सहमति पनि बैठकले गरेको छ।

त्यसैगरी मृतक साहलाई सहिद घोषणा गर्ने प्रक्रियाका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय पनि बैठकले गरेको छ।

बैठकले मृतक साहको शवलाई तत्काल व्यवस्थापन गरी

*बाँकी पृष्ठ २ मा*

## गौशालामा पैदलयात्रीलाई ठक्कर दिएर फरार चालक पक्राउ

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**पुस २२ गते, महोत्तरी**

महोत्तरीमा पैदलयात्रीलाई ठक्कर दिएर फरार रहेका मोटर साइकलका चालक आइतबार पक्राउ परेका छन् । पहिचान खुल्न नसकेका अन्दाजी ३०-३२ वर्षीय एक पुरुषलाई सडकमा हिडिरहेका बेला ठक्कर दिएर भागेका महोत्तरी गौशाला नगर पालिका ५ का ३८ वर्षीय गणेश प्रसाद साहलाई प्रहरीले पक्राउ गरेको हो ।



साहले चलाएको ज. ६ प ४८४६ नम्बरको मोटरसाईकलले ठक्कर दिँदा पुस १७ गते बेलुका ८ बजे रामनगर जंगलमा नामथर र वतन नखुलेका ती पुरुषको मृत्यु भएको थियो ।

इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले पैदलयात्रीलाई ठक्कर दिएर भागेका साहलाई पक्राउ गरेर अनुसन्धान अघि बढाइएको जानकारी दिए ।

मोटर साइकलको ठक्करपछि घाइते भएका ती युवाको उपचारका लागि वर्दिवास लग्दै गर्दा मृत्यु भएको थियो । पोष्टमार्टमपछि कानूनबमोजिम ती पुरुषको दाहसंस्कार पनि प्रहरीले नै गरिदिएको छ ।

## अवैध रुपमा गर्भपतन गर्ने पोलिक्लिनिक सिल

**खबर दर्पण समाचारदाता**

**पुस २२ गते, महेन्द्रनगर**

जनकपुरधाममा अवैध रुपमा एक महिलाले गर्भपतन गराइर हेको भेटिएपछि पोलिक्लिनिक सिल गरिएको छ ।

जनकपुरको रामानन्दचोक स्थित संचालित शिव गुरु प्राथमिक उपचार पोलिक्लिनिकमा अवैध गर्भपतन गरिरहेको पाइएपछि सिल गरिएको हो ।

जकपुरधाम उपमहानगर पालिका स्वास्थ्य शाखा प्रमुख नविन मिश्रका अनुसार एक २० वर्षीय अविवाहित महिलाको ६ महिनाको गर्भ बिनाचेकजाँच स्टाफ नर्स पढेको बताउने जयन्ती साहले गरिरहेको अवस्थामा फेला परेको हो ।

जनकपुरधाम उपमहानगर पालिकाको स्वास्थ्य शाखाको अनुगमनको क्रममा यस्तो भेटिएपछि पोलिक्लिनिक सिल गरिएको छ ।

स्वास्थ्य शाखा प्रमुख मिश्र र

*बाँकी पृष्ठ ३ मा*

## दुर्घटनामा ज्यान गुमाएका एक व्यक्तिको पहिचान यकिन नगरि अन्त्येष्टि

**खबर दर्पण समाचारदाता**

**पुस २२ गते, बर्दिवास**

महोत्तरी प्रहरीले दुर्घटनामा ज्यान गुमाएका एक व्यक्तिको पहिचान यकिन नगरि अन्त्येष्टि गरेको छ । गत पुष १६ गते गौशाला सम्सी सडकखण्डमा मोटरसाईकलको ठक्करबाट घाईते भएका अन्दाजी ३० वर्षका पुरुषको उपचारको क्रममा मृत्यु भएपछि प्रहरीले बेवारिसे शव भन्दै उनको अन्त्येष्टि गरेको छ ।

घटना लगतै वडामा लासको सदगत गरिदिन भन्दै ईलाका प्रहरी कार्यालय गौशालाबाट परिपत्र आएको भएपनि शवको अन्त्येष्टि भए नभएको आफु“लाई जानकारी नभएको गौशला १ का वडाअध्यक्ष नविन साहले बताए । तर प्रहरी भने वडा कार्यालयले शवको सदगतको व्यवस्था मिलाएको र वडाको सहमति मै शवको अन्त्येष्टि गरेको बताए ।

बर्दिवास अस्पतालको शव गृहमा राखेको मृतकको हुलिया सम्बन्धित निकायमा परिपत्र गरिएको अवस्थामा पनि दावी गर्न कोहि नआएपछि जनप्रतिनिधिको रोहवरमा कानुनत मृतकको अन्त्येष्टि गरेको ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी नायव निरिक्षक मनोज कुमार यादलले बताए । तर स्थानियले भने दुर्घटनालाई गुपचप बनाउन प्रहरीले मृतकको शव जलाउन हतार गरेको आरोप लगाएका छन् । अनुसन्धान पुरा नहु“दै र मृतकको पहिचान नखुल्दै प्रहरीले मृतकको सदगत गर्नु ठिक नभएको स्थानियको भनाई छ । अस्पतालको शव गृहमा शव राख्ने व्यवस्थापन राम्रो नभएका कारण शवको अन्त्यष्टि गर्न प्रहरी बाध्य भएको महोत्तरी प्रहरी प्रमुख प्रकाश मल्लले बताए । मृतकको फोटो,भिडियो, मुचुल्काका आधारमा अनुसन्धानको पाटो अघि बढि रहेकाले दावी गर्न कोहि आएमा

*बाँकी पृष्ठ ३ मा*

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# मसलाको रुख मधेशवाट बिस्थापन.....

गीतादेवी भन्छिन्, 'गाउँलेले खेतमा रोपेका विरुवाका कारण समस्या बढीरहेको छ । कलको पानी सुकेको छ भने इनार पनि धमाधम सुकिरहेका छन ।'

तथ्यांकअनुसार सागरनाथ वन परियोजना अन्तर्गत १० हजार हेक्टर भन्दा बढी क्षेत्रफलमा यो बिरुवा लगाईएको छ । १ बिघामा १६ सयसम्म बिरुवा रोपिने हुदा सागरनाथ वन परियोजनामा मात्र १ करोड भन्दा बढी मसलाका बिरुवाहरु हुन सक्ने जिल्ला वन कार्यालय महोत्तरीका प्रमुख सन्तोष झा वताउछन् ।

अझ किसानहरुले खेतका डिल र खेतमा व्यवसायिक खेती नै गरेको देखिएको छ । जस्ले उत्पादनमा समेत कमि आएको स्वयम् किसानहरुको अनुभव छ ।

'५ बर्ष अगाडीसम्म खेतमा राम्रै उत्पादन हुन्थ्यो तर आजकाल यो मसलाको रुख रोपेको २ सय मिटर वरपरसम्म उत्पादन नै हुन छाडयो ।'

रामगोपालपुरका स्थानिय किसान रामसरोज यादवले भने, '५ बर्ष अगाडी उत्पादित उपज बेच्थे, अहिले किन्नुपर्छ ।'

धनी वनाउने उदेश्यले भित्र्याएको यो रुख कतै भारतको स्वार्थमा त भित्र्याईएको हैन भन्ने समेत किसानहरुले आसंका गर्न थालेका छन् ।

भारतको तमिल नाडुवाट सुरु भएको बिरुवा अहिले भारतको धेरैजसो भुभागमा पाइन्छ । यो रुखलाई व्यवसायिक वनाएको ठाउँ भारतमा समेत किसानहरुलाई निक्कै समस्या वढदै गएको वन अभियन्ताहरु वताउछन् ।

अहिले मधेशका निजि भुभागमा समेत गरेर झण्डै ६ करोड बिरुवा रहेको आकलन गरिएको छ । पर्यावरणविद चिरञ्जीवी भट्टराई यो विरुवाको बिषयमा थप अध्यण गरि निष्कर्षमा पुग्नुपर्ने वताउछन् ।

यसैलाई लिएर मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालयमा छलफल र बहस भैईरहेको छ। वन तथा वातावरण मन्त्रालय मधेश प्रदेशका सुचना अधिकारी बेचन कुमार महतोको अनुसार मसलाको रुखलाई लिएर बिज्ञहरुविच गम्भीर छलफल भैइरहेको वताउछन् । रुखको स्वभाव कै कारण पर्यावरणमा असर पर्ने आकलन गर्न सकिने वताउदै जमिनमुनि र जमिनमाथीको भाग बराबर हुने हुदा पनि पानीको मात्रा अन्य वोटविरुवाको तुलनामा वढी पानी खपत गर्न सक्ने उनको भनाई छ ।

ञअनुभव नै वास्तवमा बिज्ञान हो । त्यसो हुदा स्थानिय तथा भुक्तभोगीहरुको अनुभव सुन्दा यो रुख हानिकारक नै भएको अनुमान लगाउन सकिन्छ ।'

सुचना अधिकारी महतोले भने, 'थप अध्यण गरेर सरकार ले सकेसम्म नीति नै बनाउदा राम्रो हो ।'

सडक सौन्दर्यका लागी समेत सडक बिभागले यो रुख दायाँबायाँ रोप्दै आएको छ । जुन दुर्घटनाको कारक समेत वनिरहेको देखिएको छ । यस्को हागा निक्कै कमजोर हुने हुदा सानोतिनो हावाहुरीले पनि असर पुऱ्याउन सक्ने हुदा सडक अवरोधका साथै दुर्घटना समेत बढीरहेको ट्राफिक तथ्यांकले पुष्टि गर्दछ ।

यस्को हागा भाचिएर सडकमा दुर्घटना हुदा एक बर्षको अवधीमा झण्डै १० जनाको मधेशमा ज्यान समेत गैइरहेको प्रहरीको तथ्यांक छ ।

कृषि बिज्ञ राजेन्द्र देवकोटाका अनुसार यो रुख २५ देखि ५० मिटर अनि २ मिटर सम्म को गोलाई हुन्छ, अस्ट्रेलियाको तास्मिनिया टापुमा यसको उत्पति भएको मानिन्छ, भारतमा १८४३ मा बेलायती नागरिकले तामिल नाडूमा ल्याएर रोपेपछि भारत लगायत यसको बिरुवा नेपाल सम्म विस्तार भएको मानिन्छ।

# बरहथवा घटनामा सहमति.........



पोस्टमार्टमपछि आफन्तलाई बुझाउने निर्णय पनि गरेको छ।

**यस्ता छन् सहमति :**

१. मिति २०८० पौष २० गते शुक्रबार बरहथवा नगर पालिकामा प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने विषयमा भएको विरोध प्रदर्शनका कममा बरहथवा नगरपालिका वडा नं. ६ का युवा व्यवसायी जय शंकर साहको असामयिक निधनले अत्यन्त मर्माहत एवम् शोकमग्न भएका छौं। दु:खको यस घडीमा दिवङगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भन्दै समवेदना व्यक्त गरियो।

२. गृह मन्त्रालयद्वारा गठित छानविन समितिलाई सबै पक्षले आ-आफ्नो तर्फबाट घटना सम्बन्धमा स्वतन्त्र निष्पक्ष छानविन गर्न सहयोग गर्ने।

३. पीडितको आश्रित परिवार को १ जना सदस्यलाई बरहथवा नगरपालिकाले रोजगारी उपलब्ध गराउने।

४. प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति पश्चात कानून बमोजिम प्रक्रिया पुरा गरी नगर अस्पताल मधेश प्रदेश सरकार लाई हस्तान्तरण गर्ने। अस्पताल सञ्चालन सम्बन्धमा बरहथवा नगर प्रमुख र मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रीको सहकार्य एवम् छलफलबाट टुंग्याउने।

५. अस्पताल परिसर वा स्थानीयले चाहेको स्थानमा मृतक जय शंकर साहको शालिक स्थापना गर्ने।

६. उद्योग वाणिज्य संघ बर हथवा सहित पाँच दलीय गठबन्धनले सबै विरोधका कार्यक्रमहरु स्थगित गर्ने र विगतलाई बिर्सी आगामी दिनमा नगरपालिकालाई शान्ति पूर्वक संचालनको लागि सबै पक्षले आ-आफ्नो तह र तप्काबाट सहयोग गर्ने।

७. मृतकको संम्झनामा निजको नामबाट प्रक्रिया पुयाई प्रादेशिक अस्पताल बरहथवाको नामाकरण गर्ने।

८. दोषी प्रहरी कर्मचारीलाई छानविन गरी कारवाहीको प्रक्रिया अगाडी बढाउने।

९. मृतकलाई शहिद घोषणा गर्ने प्रक्रियाको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

१०.आन्दोलनका क्रममा भएका सार्वजनिक तथा निजी संरचना, सवारी साधन लगायत सम्पत्तिको क्षतिको मूल्यांकन गरी सम्बन्धित निकायबाट क्षतिपूर्तिको लागि जिल्ला प्रशासन कार्यालयबाट सिफारिस गर्ने।

११. मृतकको पार्थिव शरीरलाई तत्काल व्यवस्थापन गरी पोस्टमार्टम पश्चात आफन्तलाई बुझाउने।


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**सम्सी गाउँपालिका**

**महोत्तरी**


# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

**वृष-** मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग

**मिथुन-** आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ।

**कर्कट** - दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन्। अनावश्यक खर्च बढ्नेछ।

**सिंह** - साताको सुरुमा शत्रुले दु:ख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सर कारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**कन्या** - सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।उपहारआदी प्राप्त हुनेछ ।

**तुला** -परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**वृश्चिक** -स्वास्थ्य प्रतिकूल र हने, यात्रामा बाधा आउनेछ । र ोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछरु।

**धनु** - मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**मकर** -सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ।

**कुम्भ** -चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मीन** -काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। छ ।

# ☎☎ आवश्यक टेलिफोन नम्बरहरु ☎☎

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ७९ जना कुचीकारको भरमा ४० हजार घरधुरी

**खबर दर्पण समाचारदाता**
**पुस २२ गते, महेन्द्रनगर**

जनकपुरधाम उपमहानगर पालिकाकै सबैभन्दा ठूलो वडा ४ नम्बर हो। पछिल्लो जनगणना अनुसार यसको जनसंख्या १८ हजार २ सय ३४ छ। ४ हजार २१९ जनाभन्दा बढी घरधुरी बसोबास गर्ने यो वडाको क्षेत्रफल जति ठूलो छ त्यति नै बढी यहाँ घरपरिवारबाट निस्कने फोहोरहरूको व्यवस्थापनको समस्या छ।

तर, यति धेरै जनसंख्या भएको वडामा फोहोर व्यवस्थापनका जिम्मा दुई जना कुचीकार टाउकोमा छ। वडा नम्बर ४ त उदाहरण मात्रै हो। १ लाख ८९ हजार ५६८ जनसंख्या रहेको र ३९ हजार ४६४ घरधुरी रहेको जनकपुरधाम उपमहानगर पालिकामा फोहोर व्यवस्थापनका लागि मात्रै ७९ जना कुचीकारले काम गरिरहेका छन्।

जनकपुरधाम उपमहानगर पालिका कार्यालयका अनुसार सफाई शाखामा कुचीकार र अन्य गरी जम्मा १२० जना कर्मचारी मात्रै छन्। जसमध्ये ३५ जना स्थायी कर्मचारी छन् भने अन्य करारमा भर्ना गरि एकाहरू छन्। निकै न्यून संख्यामा रहेका कुचीकारहरूलाई प्रत्येक वडामा दुई जनाका दरले नियुक्त गरिएको छ।

प्रत्येक दिन कम्तीमा ५० टन फोहोर निस्कने नगर क्षेत्रमा फोहोरमैला व्यवस्थापनका लागि सफाई कर्मचारीहरू न्यून मात्रामा मात्रै रहेकाले सफाईमा समस्या रहेको जनकपुरधाम उपमहानगरपालिकाका सूचना अधिकारी उमा शंकर मल्लिकले



बताए। 'जति धेरै जनसंख्या छ नगर क्षेत्रको त्यस अनुरूप कम्तीमा पनि डेढ सय भन्दा बढी नै कुचीकारको आवश्यकता छ। तर, यहाँ करारमा कर्मचारी नियुक्त गर्दा अख्तियार मै उजुरी पर्ने समस्या भएको हुँदा चाहिए जति कर्मचारी राख्न नसकिएको हो,' सूचना अधिकारी मल्लिले भने, 'आन्तरिक स्रोतमा कर्मचारी भर्ना गर्नका लागि पनि बजेट अभावको समस्या छ। नगरक्षेत्रमा मुख्य सडकहरू मात्रै सफा गरेर पनि हुँदैन, गल्लीहरूमा फोहोरको डंगुर नै लागेको छ। नालाहरू जाम भएका छन् ति सबैलाई व्यवस्थित गर्न जनशक्तिको आवश्यकता छ र उपमहानगर पालिकासँग आवश्यक जनशक्ति छैन।'

जनकपुरधाम धार्मिक रुपमा जतिधेरै प्रसिद्धि पाए पनि यसको अर्को प्रमुख चर्चाको विषय नगर क्षेत्रको फोहोर रहेको स्थानीय अरुण झाले बताए। 'अव्यवस्थित नाला, जथाभावी फालिएका फोहोरहरू, पर्यटकीय क्षेत्रमा समेत शौचालयको अभाव, भएका सार्वजनिक शौचालयहरू समेत व्यवस्थित नहुनु र लामखुट्टेको अत्यधिक प्रकोप जनकपुरको पहिचान भैं बनेको छ। तर, यस समस्याको समाधान तर्फ यथोचित ध्यान उपमहानगर पालिकाको छैन,' झाले भने, 'फोहोर व्यवस्थापन प्रमुख प्राथमिकतामा राख्नुपर्नेमा यहाँ अनावश्यक क्षेत्रहरूमा रकम खर्चिने तर, जसले जनकपुरको पहिचान खराब गरिरहेको छ त्यसतर्फ ध्यानै नदिने काम भइरहेको छ।'-अन्नपूर्णापोष्ट

# दुर्घटनामा ज्यान गुमाएका....

प्रहरीले क्षतिपूर्ति उपलब्ध गराउँने मल्लले बताए । अस्पतालले लास उठाउन अनुरोध गरेकाले शवको अन्त्येष्टि गर्न हतार गर्नपरेको प्रहरीले बताएपनि बर्दिवास अस्पताललाई भने प्रहरीले मृतकको शव लगेको र अन्त्येष्टि गरेको जानकारी समेत छैन । बर्दिवास अस्पतालकी प्रमुख डाक्टर कृष्णा महर्जनले बेवारिसे शवहरु ७ दिनसम्म अस्पतालमै रहने हुँदा अस्पताले कुनै अनुरोध नगरेको बताईन् । यता यस सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २० उपदफा उपदफा (८) बमोजिम हकवालाले लाश बुझी नलिएमा वा कुनै हकवाला उपस्थित नभएमा वा हकवाला नै यकिन नभएमा सम्बन्धित प्रहरी कर्मचारीले सरकारी खर्चमा लाशको सदगत गराउन पर्नेछ उल्लेख भएअनुसार गरिएको इप्रका गौशलाका इन्सपेक्टर मनोज यादवले बताए ।

'चिसो मौसम भएकाले लास कुहिहाल्ने अवस्था पनि थिएन' उनले भनिन्, 'हामीले लगिहाल्नुस भनेका पनि थिएनौ, लगेको हामीलाई थाहा पनि छैन' ।

सोहि घटनपछि फरार रहेका मोटरसाइकल चालकलाई भने प्रहरीले आइतबार पक्राउ गरेको छ ।

मृतक पुरुषलाई ठक्कर दिने ज ६ प ४८४६ नम्बरको मोटर साईकल चालक गौशाला ५ का ३८ वर्षका गणेश प्रसाद साहलाई पक्राउ गरि प्रहरी नियन्त्रणमा राखेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । घटना बारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी प्रमुख एसपी मल्लले बताए ।

# अवैध रुपमा गर्भपतन...

स्वास्थ्य सल्लाहकार डा. नविन साहसहितको अनुगमन टोलीले पोलिक्लिनिक सिल गरेको हो । अवैध गर्भपतन गरेको अनुगमनमा फेला परेपछि मेयर मनोज साहको निर्देशनमा पोलिक्लिनिक सिल गरेको उनका स्वास्थ्य सल्लाहकार डा. साहले बताए ।

शाखा पुमुख मिश्रका अनुसार गर्भपतन गर्ने स्वास्थ्यकर्मीले महिलाको २ महिनाको गर्भ रहेको बताएको तर गराउने महिलाले ६ महिनाको गर्भ र हेको भनेपछि थप कागजातहरु खोज्दा नभेटिएको, चिकित्सकको सल्लाहमा चेकजाँच गरेपछि गर्नुपर्ने पर्ने प्रक्रिया पुरा नगरेको, गर्भपतको बेला चिकित्सक नरहेको लगायत पाइएको हो । जनकपुरमा पछिल्लो समय यसरी जोखिम युक्त गर्भपतन प्रयाप्त मात्रामा क्लिनिकहरुले प्रक्रिया नै पुरा नगरी अवैध रुपमा गर्ने गरिएको व्यापक जनगुनासो छ ।

# राष्ट्रियसभा निर्वाचन : अन्तिम मतदाता नामावली प्रकाशित

**खबर दर्पण समाचारदाता**
**पुस २२ गते, बर्दिवास**

निर्वाचन आयोगले माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि अन्तिम मतदाता नामावली प्रकाशन गरेको छ।

आयोगले सातवटै प्रदेशको निर्वाचन अधिकृतको कार्यालयमा अन्तिम मतदाता नामावली प्रकाशन गरेको हो। प्रकाशित नामावली अनुसार कोशी प्रदेशमा प्रदेश सभा सदस्य तर्फको मतदाता संख्या ९३ तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतदाता संख्या २७४ गरी जम्मा ३६७ जना मतदाता कायम भएको आयोगले जनाएको छ।

जसअनुसार कोशी प्रदेशमा प्रदेश सभा सदस्यको मतभार ४९२९ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतभार ५२०६ गरी जम्मा १०१३५ मतभार कायम हुनेछ । मधेस प्रदेशमा प्रदेश सभा सदस्य तर्फको मतदाता संख्या १०७ तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतदाता संख्या २६७ गरी जम्मा ३७४ जना मतदाताले मतदान गर्नेछन् । मधेस प्रदेशमा प्रदेश सभा सदस्यको मतभार ५६७१ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतभार ५०७३ गरी जम्मा १०७४४ मतभार कायम हुनेछ ।

बागमती प्रदेशमा प्रदेश सभा सदस्य तर्फको मतदाता संख्या ११० तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर पालिकाका प्रमुख र उपप्रमुख तर्फको मतदाता संख्या २३७ गरी जम्मा ३४७ जना मतदाता मतदानमा सहभागी हुनेछन्। बागमती प्रदेशमा प्रदेश सभा सदस्यको मतभार ५८३० र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतभार ४५०३ गरी जम्मा १०३३३ मतभार कायम हुनेछ । गण्डकी प्रदेशमा प्रदेश सभा सदस्य तर्फको मतदाता संख्या ६० तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतदाता संख्या १७० गरी जम्मा २३० जना मतदाता कायम भएका छन् । गण्डकी प्रदेशमा




प्रदेश सभा सदस्यको मतभार ३१८० र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतभार ३२३० गरी जम्मा ६४१० मतभार कायम हुनेछ ।

लुम्बिनी प्रदेशमा प्रदेश सभा सदस्य तर्फको मतदाता संख्या ८७ तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतदाता संख्या २१८ गरी जम्मा ३०५ जना मतदाता कायम भएका छन् । लुम्बिनी प्रदेशमा प्रदेश सभा सदस्यको मतभार ४६११ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतभार ४१४२ गरी जम्मा ८७५३ मतभार कायम हुने आयोगले जनाएको छ।

कर्णाली प्रदेशमा प्रदेश सभा सदस्य तर्फको मतदाता संख्या ४० तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतदाता संख्या १५६ गरी जम्मा १९६ जना मतदाता कायम भएका छन्। सो अनुसार कर्णाली प्रदेशमा प्रदेश सभा सदस्यको मतभार २१२० र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर पालिकाका प्रमुख र उपप्रमुख तर्फको मतभार २९६४ गरी जम्मा ५०८४ मतभार कायम हुनेछ ।

यसैगरी सुदुरपश्चिम प्रदेशमा प्रदेश सभा सदस्य तर्फको मतदाता संख्या ५२ तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतदाता संख्या १७६ गरी जम्मा २२८ जनाले मतदान गर्ने भएका छन् । प्रदेशमा प्रदेश सभा सदस्यको मतभार २७५६ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तर्फको मतभार ३३४४ गरी जम्मा ६१०० मतभार कायम हुने निर्वाचन आयोगले जनाएको छ।

# मसलाको रुख मधेशवाट बिस्थापन नगरे केही बर्षमा नै मरुभुमिकरण वन्ने विज्ञहरुको चेतावनी

**विशाल बस्नेत**

**पुस २२ गते, बर्दिवास**

सदावहार हरियाली देखिने, छिटो वृद्धि विकास हुने र काठको लागी समेत उपयोगी मसलाको रुख मधेशका जंगलमा मात्र हैन किसानहरुको खेतमा समेत देख्न सकिन्छ ।

आयआर्जनका हिसावले समेत अन्य विरुवाहरुको तुलनामा निक्कै उत्कृष्ट मानिने यो रुखका जति सुन्दर पक्ष छन त्यतिकै मानवजिवनसगँ जोडिएका कुरुप विशेषता पनि छ्न भन्दा धेरैलाई अचम्म लाग्न सक्छ । हो पछिल्ला अध्यणहरुले मसलाको रुख कै कारण मधेश मरुभुमितर्फ उन्मुख हुँदै गएको देखाएको छ ।यो रुख पारिस्थितिक प्रणालीका हिसावले मात्र घातक हैन पानीका मुहानहरु सुकाउने मुख्य अस्त्र वनेको बिज्ञहरु वताउछन ।

लामो समयदेखि चुरे र वातावरणिय क्षेत्रमा काम गर्दै आएका नागदेव यादवका अनुसार एउटा वयस्क रुखले ६२ लिटरसम्म पानी पिउने गर्दछ। वरपर लामो दुरिसम्मको पानीलाई चुम्बक जसरी तान्ने हुदा उत्पादनमा समेत मसलाको रुख घातक वनिरहेको उन्को भनाई छ ।

यो रुखले पारिस्थितिक प्रणालीमा समेत उथलपुथल बनाईरहेको एक अध्यणले देखाएको छ। यहाँ न चराचुरुङ्गीले बासस्थान बनाउछन न त किराहरुले नै। वनमा लगाईएको मसलाका रुखहरुले त अन्य रुखहरुको अस्तित्व नै नष्ट गर्ने गरेको बिज्ञहरुको निष्कर्ष छ ।

यो रुख वातावरणिय हिसावले निक्कै घातक रहेको स्थानियहरुले समेत महसुस गर्न थालेका छन । ५ बर्ष अगाडीसम्म पानी पाईरहने मुहानहरु यो रुख कै कारण सुकेका र सुक्ने क्रम जारी रहेको बर्दिवास-७ रमदेव महतो वताउछन् ।

'यो बिरुवा छिटो बढेपछी स्थानियहरुको आकर्षण त बढयो तर बिस्तारै यही रुखको कारण मरुभुमी बनेको चै कसैलाई थाहा नै छैन ।ꣳ उन्ले भने । ञहामीले त लगाउन छाडी सक्यौ ।'



अन्य रुख भएको ठाउँमा बाक्लै घाँस पाइने तर मसला रुखहरु भएको ठाउँमा घाँस नै नपाईने गरेको महतोको अनुभव छ । महतोले आजकाल यही कारणले बाख्रा, बस्तु समेत पाल्न छाडेका छन । जंगलभरी मसलाका रुखहरु फैलदै गएपछी पशुपालनको समस्या बढीरहेको उनको बुझाई छ ।

'यो मैले मात्र हैन गाउँभरीका धेरै मानिसहरुले बुझेका छन ।' उनले भने, 'अब यो बिरुवा र रुखको अस्तित्व मधेशवाट नै मेटनुपर्छ ।'

२०३४ सालतिर सागरनाथ वन परियोजनाले एक भारतिय प्रोजेक्टको माध्यमवाट नेपाल भित्र्याएको यो रुख अहिले मधेशभरी फैलिएको छ। सागर नाथ वन परियोजना अन्तर्गतका र वन डिभिजन अन्तर्गतका जंगलमा मात्र हैन किसानका खेतवारीमा समेत यो रुख व्यवसायिकरुपमा प्रयोग गरिएको छ ।

यस्को पातमा समेत एसिड हुने गरेको विभिन्न अध्यणले पुष्टि गरेको छ। जसका कारण पात जमिनमा झरेर जादा वरिपरिको हरियोपनलाई नष्ट गर्ने र अन्य झारपातहरु समेत उम्रन नदिएर जमिनलाई नै बन्झर बनाउने अर्को समस्या रहेको बिज्ञहरु वताउछन् ।

स्थानिय बासिन्दाहरु मसलाको रुख कै कारण खेतीपातीवाट समेत पलायन हुनुपर्ने स्थिती सिर्जना भएको गुनासो गर्छन । गौशाला नगरपालिका कि

*बाँकी पृष्ठ २ मा*

# बरहथवामा जयशंकरलाई गोली दाग्ने हवल्दार जिल्ला तानिए

**खबर दर्पण समाचारदाता**

**पुस २२ गते, बर्दिवास**

सर्लाहीको बरहथवाम जयशंकर साहलाई गोली चलाएर मारेको आरोप लागेका प्रहरी बरिस्ठ हवल्दार जिल्ला तानिएका छन् । इलाका प्रहरी कार्यालय बरहथवामा कार्यरत्त प्रहरी वरिष्ठ हवल्दार सोनेलाल यादवलाई जिल्ला प्रहरी कार्यालय तानिएको हो ।

हवल्दार यादवले नै गोली चलाएको आरोप लगाएपछि उनलाई जिल्ला तानेर घटनाको छानविन गरिरहेको सर्लाहीका प्रहरी प्रमुख प्रविण धितालले जानकारी दिए ।

गत शुक्रबार बरहथवा ६ को प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति विषयमा भएको प्रदर्शनका क्रममा प्रहरीले चलाएको गोली लागेर स्थानीय सर्लाही होटेलका सञ्चालक तथा कुखुरा दानाका थोक बिक्रेता जयशंकर साहको घटनास्थलमै मृत्यु भएको थियो। उनी विद्युत् कार्यालयमा महसुस बुझाउन जाँदै थिए ।

प्रहरीले पनि जयशंकर निर्दोष रहेको स्वीकार गरसकेको छ । आन्दोलनकारीले हतियार थुन्ने



बेला बरिष्ठ हवल्दार यादवको बन्दुक पड्केर गोली चलेको हुन सक्ने प्रहरीको दावी छ । मृतक परिवार र आन्दोलनरत्त पक्षले भने बरिष्ठ हवल्दार यादवले रिसीबी साध्न निर्दोष जयशंकरलाई जानेर गोली दागेर मारेको दावी गरेको छ ।



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**सोनमा गाउँपालिका, महोत्तरी**

## R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ

**सलार १२-३ , डंकी ३-६ र सलार ७-१० बजे**








खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा